# खाद्यान्न संहितासम्बन्धी जानकारीमूलक सामग्री #34

तपाईंले संहिताका बारेमा थाहा पाइराख्नुपर्ने कुराहरू

WWW.HEALTHOREGON.ORG/FOODSAFETY

## मोबाइल फुड युनिटभित्रै हुने कार्यहरू

**OAR 333-162-0020, सामान्य मापदण्डहरू**

OAR 333-150-0000 दफा 5-305.11 (D) र यस दफाका उपदफाहरू (a तथा b) मा जेजस्तो व्यवस्था भए तापनि सबै कार्यसञ्चालन र उपकरण मोबाइल फुड युनिटको अभिन्न अङ्ग हुन्छन् ।

**OAR 333-150-0000, परिच्छेद 5-305.11**

**पानी प्रणालीसम्बन्धी मापदण्डहरू ।**

(C) सबै मोबाइल फुड युनिटहरूलाई अनिवार्य रूपमा युनिटमा खानेपानी र फोहोर पानी जम्मा हुने ट्याङ्कीहरू रहने गरी तयार गरिनुपर्छ । कार्यसञ्चालन स्थानमा उपलब्ध रहेको स्थितिमा मोबाइल युनिटलाई पानी र ढलसँग जोडिन सकिने छ, यद्यपि ट्याङ्कीहरू अनिवार्य रूपमा हरसमय युनिटमै रहिरहनुपर्छ । मोबाइल फुड युनिटलाई स्वीकृत ढल प्रणालीसँग पनि नजोडिँदासम्म ताजा पानीको प्रणालीसँग नजोडिन सकिने छ । यदि मोबाइल फुड युनिट स्वीकृत पानी तथा ढलको प्रणालीसँग जोडिएको छ भने फेब्रुअरी 1, 2020 भन्दा पहिले इजाजतप्राप्त गरेका र सो मिति अगाडि नै पानीका ट्याङ्की र सम्बन्धित प्लम्बिङ हटाइएका युनिटले पानीको प्रणाली पुन: जडान गर्नु आवश्यक छैन । PF

(D) युनिटसँग नजोडिएका खानेपानी र फोहोर पानी जम्मा हुने ट्याङ्कीहरू प्रयोग गर्ने मोबाइल फुड युनिटहरूले त्यस्ता ट्याङ्कीहरूको प्रयोगलाई अनिवार्य रूपमा जनवरी 1, 2023 सम्म बन्द गर्नुपर्छ । PF

**जनस्वास्थ्यसँग सम्बन्धित कारणहरू:**

राज्यभरि नै मोबाइल युनिटहरूसँग नजोडीकन वरिपरि भुइँमा रहने सामग्रीहरू चुनौती बनेका छन् जसले गर्दा ती सामग्रीहरू किराफट्याङ्ग्रा र मुसाहरूको बासस्थान बनेका छन् । युनिटमा जोडेर नराखिएका उपकरणले खानेकुराको दूषण र रेफ्रिजेरेसन नहुने जोखिम बढाउन सक्छ ।

यसका अतिरिक्त, युनिटसँग नजोडीकन राखिएका पानीका ट्याङ्कीहरू जनस्वास्थ्य समस्या बनेका छन् जसले गर्दा फोहोर पानी पोखिँदा र युनिट भएकै ठाउँमा गलत तरिकाले फोहोरहरू फाल्दा आकाशे पानी बग्ने ढल दूषित पार्ने र हाम्रा ताल तथा नदीहरू प्रदूषित हुने गर्छन् ।

यदि स्थानीय स्वास्थ्य विभागले स्वीकृति दिएको खण्डमा ओरेगनमा कमिसरी विना नै मोबाइल फुड युनिटलाई सञ्चालन हुन अनुमति दिन सक्ने विशिष्ट व्यवस्था छ । कमिसरी भनेको भाँडा माझ्ने, खाद्यान्न भण्डारण र भोजनको तयारीका लागि इजाजतप्रात भान्सा हो । यदि सञ्चालकहरूले आफूले यी सबै आफ्नो मोबाइल फुड युनिटमा सुरक्षित रूपमा गर्न सक्छन् भनेर देखाउन सकेमा उनीहरूलाई इजाजतप्राप्त कमिसरी विना नै सञ्चालन गर्न अनुमति दिइन्छ । सञ्चालकहरूले आवश्यक पर्ने सबै कुराहरूलाई अनिवार्य रूपमा युनिटभित्र नै वा युनिटसँग जडान गरी राख्नुपर्छ ।

**“जोडिएको” भनेको मोबाइल फुड युनिटसँग सम्बन्धित सबै कुरा भौतिक रूपमा बलियोसँग जोडिएको हुनुपर्छ । आफ्नो युनिटभन्दा बाहिर कुनै पनि कुरा जोड्नु वा भण्डारण गर्नुभन्दा पहिले आफ्नो स्थानीय स्वास्थ्य निरीक्षकलाई फोन गर्नुहोस् ।**

युनिटको बाहिर राख्न अनुमति **नदिइने** सामग्रीका उदाहरणहरूमा रेफ्रिजेरेटर, फ्रिजर र पानी/फोहोर पानी जम्मा हुने ट्याङ्कीहरू ।

ओरेगनमा यस्ता कार्यहरूका लागि कहिले पनि अनुमति दिइएको छैन तर अहिले यी उल्लङ्घनहरूलाई उच्च प्राथमिकतामा राखिएको छ । यसले आगामी दिनमा निरीक्षकहरूलाई ती नियमहरूलाई लागू गर्नका लागि अधिकार प्रदान गर्छ ।

एकमात्र अपवाद भनेको क्लास 4 मोबाइल युनिटहरू हुन् जसमा युनिटभन्दा बाहिर **एउटा** मात्र पकाउने उपकरण जोडेर राख्न सकिन्छ । थप जानकारीका लागि जानकारीमूलक सामग्री 20# हेर्नुहोस् ।

सबै कुरा युनिटभित्र भएको वा युनिटसँग जोडिएको कारणले गर्दा **सही** उदाहरणहरू:






सामग्रीहरू बाहिर रहेको कारणले गर्दा **गलत** उदाहरणहरू:







Oregon Health Authority